प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१८
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३५९, चितवनमा ५६, ललितपुरमा ४५, भक्तपुरमा ३४, मकवानपुरमा १५, काभ्रेपलान्चोकमा ६, धादिङमा ६, नुवाकोटमा ४, सिन्धुपाल्चोकमा २, रामेछापमा १ र दोलखामा १ गरी जम्मा ५२९ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ।

- भरतपुर-११ निवासी ४० वर्षिया महिलाको मिति २०७७ भाद्र १७ गते चितवन मेडिकल कलेज, भरतपुरमा निधन भएको छ । झाडा-पखाला, खोकी तथा छातीमा समस्या भई भाद्र ६ गते भर्ना भएकी निजको भाद्र १० गते कोरोना पुष्टी भएको थियो । त्यस्तै मध्यपुर ठिमी-६, भक्तपुर निवासी ४० वर्षिया महिलाको मिति २०७७ भाद्र १८ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । मृगौला सम्बन्धि समस्या भई ब्लु क्रस अस्पतालमा उपचाररत निजको भाद्र ५ गते कोरोना पुष्टी भएकाले सोही दिन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पतालमा प्रेषण गरिएको थियो । इन्द्रावती-६, सिन्धुपाल्चोक निवासी ७७ वर्षिय पुरुषको मिति २०७७ भाद्र १६ गते श्री विरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । दम तथा क्षयरोगका विरामी निज भाद्र ५ गते भर्ना भई भाद्र १२ गते कोरोना पुष्टी भएको थियो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको २२ प्रतिशत (२२.०६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४२८७७ (१००%) | ९४६२ (१००%) |
| निको भएको | २४२०७ (५६.५%) | १५९९ (१६.९%)* |
| उपचाररत | १८४१३ (४२.९%) | ७७९४ (८२.४%)* |
| मृत्यु भएको | २५७ (०.६%) | ६९ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१८ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २११६ जना बस्दै आउनुभएको र १४८७ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा ३०६३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३२१४ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७१२१३ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | १०८६० | १०५२८ | ३३२ | २६४६६ | ३५९ | ५६२८ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ४५ | ८१९ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ७६ | २३९६ | २३७६ | २० | ५३४२ | ३४ | ६०० |
| रसुवा | २७८ | १ | १० | ३५ | ४ | ७२७ | ७१५ | १२ | ७९२ | | १९ |
| नुवाकोट | ११७७ | १६५३ | ६६ | ४० | २१ | ३२९२ | ३१०२ | १९० | ३५९० | ४ | ९५ |
| धादिङ | ३१५ | १४ | २३ | ७८ | २० | ३१३५ | २९९० | १४५ | २५४० | ६ | २३५ |
| चितवन | २४६५ | ५७ | ६१७ | ३५५ | ४९३ | १८३८ | १८२३ | १५ | १२५६० | ५६ | ८८५ |
| सिन्धुली | ३९२ | १२ | ३३ | ४३ | २५ | १२३० | ११९६ | ३४ | २४७५ | | ९० |
| मकवानपुर | ४०७ | ७ | ० | २१७ | ५४ | १९३९ | १९१९ | २० | ६२०६ | १५ | ५९४ |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | १ | ७५ |
| दोलखा | ९८६ | ५५ | ० | २७ | १४ | १७४६ | १७३२ | १४ | १६५५ | १ | ६७ |
| काभ्रेपलान्चोक | ९०९ | ६५ | १२५ | २०९ | १३७ | ३२८२ | ३२३२ | ५० | ३३२० | ६ | २४४ |
| सिन्धुपाल्चोक | ७८९ | ३७ | १०१ | ५६ | ९ | १४५८ | १४४५ | १३ | ३२२३ | २ | १११ |
| जम्मा | ९७३४ | २११६ | १४८७ | ३०६३ | ३२१४ | ३७४२५ | ३६५१७ | ९०८ | ७१२१३ | ५२९ | ९४६२ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | २०८५५ | २३० | १३७ | २५ जनाः मकवानपुर-१५, फलो-अप-१० | ११२ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | २४११ | २८९ | १४८ | १० जनाः भक्तपुर-३, धादिङ-३, काभ्रेपल्लान्चोक-१, मकवानपुर-१, काठमाण्डौ-१ | १३८ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१८

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१८

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई